# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या ११ मिति : २०७६।०४।०१

## भाग–१

## भरतपुर महानगरपालिका शिक्षा (संशोधन) ऐन, २०७६

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

प्रदेश नं. ३, नेपाल

# भरतपुर महानगरपालिका शिक्षा (संशोधन) ऐन, २०७६

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम भरपुर महानगरपालिका शिक्षा (प्रथम संशोधन) ऐन, २०७६ रहेको छ।

२. ऐनको दफा २ को (ण) पछि देहायको (ण १) थप गरिएको छ : (ण १) 'सहकारी विद्यालय' भन्नाले प्रचलित कानून बमोजिम सहकारीका रुपमा दर्ता भएका संस्थाबाट मुनाफा नलिने उद्देश्यले संचालन हुने वा भएको विद्यालय संझनुपर्छ।

३. नगर शिक्षा अधिकारी भन्नाले भरतपुर महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाको प्रमुख वा प्रमुखको कामजकाज गर्न तोकिएको अधिकारीलाई सम्झनुपर्छ।

४. दफा ३ को उपदफा (१) मा कक्षा थप र तह थप पछि तथा विषय थप एवम् वडाको सिफारिश सहित भन्ने शब्द पछि कक्षा एकदेखि दशसम्म माघ मसान्त भित्र र कक्षा एघार तथा बाह्रका लागि वैसाख मसान्तसम्म भन्ने वाक्य थप गरिएको छ।

५. दफा ४ को उपदफा (२) मा शुरुमा दूर शिक्षा भन्ने शब्द थप गरिएको छ।

६. दफा ५ को उपदफा (१) को (क) को आधारभूत शिक्षाभित्र (२) पछि देहायको (३) संस्कृत शिक्षा थप गरिएको छ। त्यसै गरी दफा ५ को उपदफा (१) को (ख) को माध्यमिक शिक्षामा (३) पछि देहायको (४) संस्कृत शिक्षा थप गरिएको छ।

७. दफा ८ को उपदफा (३) मा समितिले भन्ने शब्द पछि आवश्यकताअनुसार शिक्षक भन्ने शब्द थप गरिएको छ।

८. दफा ८ उपदफा (४) को खण्ड (ण) विशेष शिक्षा अघि दूर शिक्षा थप गरिएको छ। त्यसै गरी उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएकोछः (५) नगर शिक्षा समितिको वैठकको प्रमाणीकरण अध्यक्षले गर्नेछ।

९. दफा ८ पछि देहायको दफा ८ क. थप गर्ने : ८ क. अधिकार प्रत्यायोजनः नगर शिक्षा समितिले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्यसचिव वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. दफा १० को उपदफा (३) को (घ) पछि देहायको (घ १) थप गरिएको छः (घ १) सामुदायिक माध्यमिक तहका स्थायी शिक्षकमध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको १ जना महिला शिक्षक सदस्य भन्ने थप गरिएकोछ।

११. दफा १० को उपदफा (७) को (झ) मा रहेको दैवी प्रकोप भन्ने शब्दको सट्टा प्राकृतिक प्रकोपबाट भन्ने शब्द कायम गरिएकोछ।

१२. सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको वैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ भन्ने शब्द थप गरिएको छ।

१३. दफा १२ (७) (क) मा रहेको अध्यक्ष भन्ने शब्दपछि रहेको नगरपालिकाले भन्ने शब्दको सट्टा नगर शिक्षा अधिकारीले भन्ने गरिएको छ।

१४. दफा १२ को उपदफा (९) को खण्ड (ण) हटाइएको छ।

१५. दफा १२ को उपदफा (१०) को (ण) पछि देहायको (त) थप गरिएकोछ : (त) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तक पठनपाठन गर्न आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले स्वीकृत गरेका पाठ्यपुस्तकको सूचीमध्येबाट नगर शिक्षा अधिकारीको स्वीकृति लिनुपर्नेछ।

१६. दफा १९ को उपदफा (१) मा रहेको नगरपालिकाले नगर शिक्षा समितिको राय लिई भन्ने शब्दको सट्टा सम्बन्धित वडाको सिफारिशमा नगर शिक्षा समितिले भन्ने शब्द राखिएको छ।

१७. दफा २० को उपदफा (२) मा रहेको महाशाखा प्रमुखले भन्ने शब्दको सट्टा नगर शिक्षा अधिकारीले भन्ने गरिएको र प्रतिवन्धात्मक वाक्यांशमा रहेको नगर शिक्षा समितिको निर्णयबमोजिम भन्ने शब्द झिकिएको छ।

१८. दफा २१ को उपदफा (३) पछि देहायको दफा (४) र (५) थप गर्नेः (४) महानगरपालिकाले आवश्यक ठानेमा कार्यविधि तयार गरी महानगरपालिकाभित्रका सवै सामुदायिक विद्यालयमा रिक्त पदमा शिक्षक करार नियुक्ति गर्नका लागि वार्षिकरुपमा खुला विज्ञापन गरी आवश्यकताअनुसारको अस्थायी करार सूची तयार गर्न र नियुक्तिका लागि

सिफारिश गर्न बाधा पर्ने छैन। (५) शिक्षक सेवा आयोगको अस्थायी करार सूचीमा रहेका शिक्षकलाई नियुक्तिको लागि प्राथमिकता दिइनेछ।

१९. दफा २४ को उपदफा (१) को सट्टा देहायको (१) राखिएकोछः (१) नगरपालिकाले सामुदायिक विद्यालय र गुठी, कम्पनी तथा सहकारी अन्तर्गत संचालित विद्यालयहरु विच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ।

२०. दफा ३० को उपदफा (२) को प्रथम वाक्यमा रहेको तोकिनेछ भन्ने शब्दको सट्टा तोकिएबमोजिम हुनेछ गरिएको छ।

२१. दफा ३६ पछि देहायबमोजिमको दफा ३६ क र ३६ ख. थप गर्नेः ३६ क. दण्ड र सजायः (१) ऐनको दफा ३० को उपदफा (३) को कारवाही प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनको परिपालन नगरेमा नगर शिक्षा अधिकारीले रु. १ हजारदेखि रु. २५ सम्म जरिवाना गर्न सक्नेछ।

दफ ३६ ख. पुनरावेदन गर्न सकिने

ऐनको दफा ३६क. उपदफा (२) बमोजिमको सजायमा चित्त नबुझेमा ३५ दिनभित्र नगर कार्यपालिकामा पुनरावेदन दिन सकिनेछ।

२२. दफा २९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः (२) यस ऐन वा अन्तर्गत बनेका नियम कानुन अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**द्रष्टव्य**: यस ऐनमा ठाउँ ठाउँमा प्रयोग गरिएका देहायका शब्दको सट्टा देहायबमोजिम हुनेगरी रुपान्तरण गरिएको छ :

(१) महाशाखा प्रमुखको सट्टा नगर शिक्षा अधिकारी गरिएको।

(२) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको सट्टा आधारभूत तह परीक्षा समिति गरिएको।

आज्ञाले

**नेत्रप्रसाद सुवेदी**

प्रमुख प्रशासकीय अधिकृत